# नौमूले गाउँपालिका
## गाउँकार्यपालिकाको कार्यालय
## नौमूले, दैलेख

नौमूले गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
नौमूले, दैलेख
कर्णाली प्रदेश,

कर्णाली, नेपाल

### सिलबन्दी दरभाउपत्र आह्वान सम्बन्धी सुचना

प्रथम पटक प्रकाशित मिति २०७७/०८/१९

यस कार्यालयबाट चालु आ.ब. २०७७/०७८ मा देहाय अनुसारका सामाग्री खरिद गुर्नपर्ने भएको हुँदा नेपाल सरकारबाट इजाजत प्राप्त उत्पादक वा आपुर्तिकताहरुबाट देहायका शर्तहरुको अधिनमा रही तोकिएको समयभित्र रितपूर्वकको सिलवन्दी दरभाउ पत्र पेश गुर्नहुन सुचित गरिन्छ ।

१. सिलबन्दी दरभाउपत्र फारम प्रथम पटक सूचना प्रकाशित भएको मितिले १५ औं दिनको कार्यालय समयभित्र नविकरण भएको इजाजत पत्र तथा मूल्य अभिबृद्धि कर दर्ता प्रमाण-पत्रको प्रमाणित प्रतिलिपी, आ.ब. २०७६/०७७ ( सो नभएमा आ.व. २०७५/०७६ ) सम्मको कर चुक्ता प्रमाण-पत्रको प्रतिलिपी, दरभाउपत्र दस्तुर रु १०००।०० ( एक हजार ) पछि फिर्ता नहुने गरी यस कार्यालयको एन.एम.वि. वैंक नौमूले स्थित हि.नं १०४००७१७१२४००९२ ( कागजातहरुको प्रमाणित प्रतिलिपीहरु संलग्न राखी यस कार्यालयमा आफै आई वा आप्नो आधिकारीक प्रतिनिधिी पठाई निवेदन दिई खरिद गर्न सकिनेछ ।

२. सिलवन्दी दरभाउपत्रको प्रत्येक पानामा सहिछाप गरि दरभाउपत्र साथ तपशिलमा उल्लेखित कार्यको लागि तपसिल बमोजिमको धरौटी रकम यस कार्यालयको नाममा एन.एम.वि. वैंक नौमूले शाखामा रहेको हि.न. १०४००७१७१२४००९२ (धरौटी खाता ) मा जम्मा गरेको सक्कल वैंक भौचर वा सो बराबरको कम्तिमा ९० ( नब्बे ) दिन म्याद भएको वैंक जमानी पत्र ( विड बण्ड ) संलग्न राखी यस कार्यालयमा प्रथम पटक सूचना प्रकाशन भएको १६ ( सोह्र ) दिनको १२:०० बजेभित्र दर्ता गुर्नपर्ने छ ।

३. सूचना प्रकाशन भएको मितिले १६ औं दिनको १२:०० बजे भित्र दर्ता हुन आएका सिलबन्दी दरभाउपत्र सोही दिनको २:०० बजे भित्र दरभाउपत्रदाता वा निजको प्रतिनिधिका रोहवरमा खोलिने छ । दरभाउपत्रदाता वा प्रतिनिधि उपस्थित नभएमा दरभाउपत्र खोल्न बाधा पर्ने छैन । दरभाउपत्र खरिद वा दाखिला गर्ने अन्तिम दिन सार्वजनिक बिदा परेमा उक्त दिनको लगतै ( कार्यालय खुलेको दिन ) सोही समयभित्र खरिद र दाखिला गर्न सकिनेछ ।

४. दररेट पेश गर्दा प्रत्येक आइटम अंक र अक्षर दुवैमा प्रष्ट लेख्नुपर्नेछ । अंक र अक्षर फरक परेमा अक्षरमा लेखिएको दररेट लाई मान्यता दिइनेछ । उल्लेखित गरेको विवरण गल्ती भई सच्याउनु पर्ने भएमा खुर्कन मेट्ने वा टिपेक्स लगाउने कार्य नगरी पढ्न सकिने गरी एउटा धर्सोले काटी विवरण थप्नुपर्ने भएमा थप चिन्ह प्रयोग गरी थप गर्ने र थप गरेको तथा काटेको स्थानमा पछि थपघट गर्न नमिल्ने गरी अगाडी पछाडी हस्ताक्षर गरेको हुनुपर्नेछ । सो बमोजिम नभएको दरभाउपत्रलाई मूल्याङ्कन समावेश गरिनेछैन ।

५. दरभाउपत्र दाताले दरभाउपत्र साथ आफू खरिद कार्यमा भाग लिन अयोग्य नभएको, प्रस्तावित खरिद कार्यमा आफ्नो स्वार्थ नबाझिएको र सम्वन्धित पेशा वा व्यवसाय सम्वन्धी कसुरमा सजाय नपाएको भनि लिखित रुपमा गरेको स्वधोष्णा संलग्न गर्नुपर्नेछ ।

६. रित नपुगी आएको वा म्याद गुर्जी आएको वा अन्य शर्त राखि पेश हुन आएका दरभाउपत्र उपर कुनै कारवाही गरिने छैन ।

७. दरभाउपत्र पेश गर्दा अनिवार्य रुपमा सम्पर्क नम्बर र इमेल ठेगानामा उल्लेखित गर्नुपर्ने छ र पछि यस कार्यालयको तर्फबाट पत्राचार गर्दा सोही इमेल ठेगानामा पत्राचार गरिनेछ । त्यसरी भएगरेको पत्राचारलाई यस दरभाउपत्र तथा सम्झौताको अभिन्न अंगको रुपमा लिइनेछ ।

८. दरभाउपत्र पूर्ण वा आशिक रुपमा स्वीकृत गर्ने वा नगर्ने अधिकार यस कार्यालयमा निहित रहनेछ ।

९. यसमा उल्लेखित भएकोमा यसै बमोजिम र यसमा उल्लेखित नभएको हकमा सार्वजनिक खरिद ऐन २०६३ निमावली २०६४ र अन्य प्रचलित ऐन नियम अनुसार हुनेछ ।

१०. थप जानकारीको लागि कार्यालय समयभित्र कार्यालयको सम्पर्क नं. ९८०२५४५८७० मा सम्पर्क गर्न सकिनेछ । सो सूचना यस कार्यालयका Website: naumulemun.gov.np मा समेत प्रकाशन गरिएको छ ।

| क्र.स. | सिलवन्दी दरभाउपत्र नं. | कामको विवरण | दरभाउपत्र दस्तुर (रु) | लागत अनुमान - मूल्य अभिबृद्धि कर सहित | धरौटी रकम रु | निमार्ण व्यावसायीकको वर्ग |
|---|---|---|---|---|---|---|
| १ | ६-०७७/०७८ | व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा व्यवस्थापन सूचना प्रणाली सञ्चालनार्थ वडा कार्यालयहरुको लागि डेक्सटप कम्प्यूटर, प्रिन्टर, स्क्यानर तथा 4G Wireless Dongol खरिद तथा जडान | १०००।०० | ८,४०,०००।०० | २१००० | इजाजत प्राप्त आपुर्तिकताहरु |

गणेश प्रसाद कोइराला
प्रमुख प्रशासकीय अधिकृत

.............................
प्रमुख प्रशासकिय अधिकृत
गणेश प्रसाद कोइराला